नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-३०० दायर मितिः-२०८१/१२/०५**

**वादी** **फैसला मितिः-२०८१/१२/२९** **प्रतिवादीहरु**

**सुदामा देवी समेतको जाहेरीले**
**नेपाल सरकार.........................१**

**भारत बिहार राज्य पुर्बी चम्पारण जिल्ला बेतिया थाना बगहा ग्राम पञ्चायत वस्ने स्व.केदार रामको छोरा वर्ष ४२ को चुनु राम समेत २ जना .......१**

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीहरुले जाहेरवालीसमेतलाई गली गलौज गर्दै हातपात समेत गर्दै अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।

२. प्रतिवादीहरुले जाहेरवालीसमेतलाई गली गलौज गर्दै हातपात समेत गर्दै अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल सुचुल्का ।

३. हामीले जाहेरवालीसमेतलाई गली गलौज गर्दै हातपात समेत गर्दै अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीहरुको बयान कागज।

४. जाहेरवालीसमेतलाई गली गलौज गर्दै हातपात समेत गर्दै अभद्र व्यवहार गरेकोले प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका सुनिल सर्राफ समेतको घटनाविवरण कागज।

५. जिल्ला सरकारि वकिल कार्यालय, पर्साको अभियोग पत्र ।

६. प्रतिवादीहरु यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान ।

७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा मिति २०८१।११।१८ गते दिउसो घरायसी सामान खरीद गर्न भनी अटो चढी भारतको रक्सौल गएको अवस्थामा हाम्रो साथमा रहेको केही नगद चोरी भएकोमा प्रतिवादीहरु चुनु राम र कन्हैया राम उपर शंका लागी निजहरुको खोजतलास गर्ने क्रममा मिति २०८१।११।२५ गते अ.१५:०० बजेको समयमा जिल्ला पर्सा विरगंज म.न.पा.वडा नं.१६ स्थित फेला पारी हाम्रो चोरी भएको रकम सम्वन्धमा सोधपुछ गर्दा निजहरु एक्कासी उत्तेजित भई हामीलाई अश्लिलशव्द प्रयोग गरी गाली गलौज तथा हातपात समेत गर्दै अभद्र व्यवहार गरेको हुँदा निजहरुलाई कानुन बमोजम कारवाही गरी पाउँ भन्ने समेत व्यहोराको सुदामा देवी समेतको जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीहरुले गरेको बयान तथा प्रतिवादीहरु यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान समेतको आधारमा यी प्रतिवादीहरुले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी जाहेरवाली समेतको चोरी भएको रकम सम्वन्धमा प्रतिवादीहरुलाई सोधपुछ गर्दा निजहरुले जाहेरवाली समेतलाई गाली गलौज तथा हातपात समेत गर्दै अभद्र व्यवहार गरेको गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादीहरु चुनु राम र कन्हैया रामलाई कैद दिन ९, जरिवाना जनही रु.७०००/- अक्षरेपी सात हजार मात्र हुने ठहर्छ। सो ठहर्नाले अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादीहरु चुनु राम र कन्हैया रामलाई ठहरेको कैद दिन ९ को हकमा निजहरु मिति २०८१/११/२५ देखि २०८१/१२/०४ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा निजहरुले क्रमशः र.नं.२६७ र २६८/२०८१/१२/०७ बाट दाखिला गरेको जनही धरौटी रकम रु७०००/- बाट जनही जरिवाना रकम रु.७०००/- कट्टी गरी मिनाह गर्नु---------------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीहरुलाई पुनरावेदनको म्याददिनु---------------------------------------------------------------------------------------१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु---------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिन-----------------------१

**गणेश अर्याल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ चैत्र महिना २९ गते शुक्रवार रोज ६/ ने.सं. ११४५ चौलाथ्व चतुर्दशी, शुभम् ........